श्रम विभाग द.प्र.प.नं.: ९/०६५/०६६

(ट्रेड युनियन ऐन २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासङ्घ)

# पेसागत महासङ्घ नेपाल

## Confederation of Nepalese Professionals (CONEP)

राष्ट्रिय समिति, काठमाडौं

चलानी नम्वरः

पत्र संख्याः २०८१/ ०८२

मितिः २०८२।०१।२१

माननीय उपप्रधान तथा अर्थ मन्त्रीज्यू,

अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौ ।

विषयः आ.व. २०८२।०८३ को बजेटमा पेसाकर्मीहरुको माग सम्वोधनका लागि सुझाव पेश गरिएको ।

पेसागत महासङ्घ नेपाल सार्वजनिक प्रशासनको क्षेत्रमा कृयाशिल पेसाकर्मीहरुको सशक्त र आधिकारीक संस्थाको रुपमा २०५२ जेठ ६ गते स्थापना भएको र ट्रेड युनियन महासङ्घको रुपमा दर्ता भएको छाता संस्था हो । हाल महासङ्घमा २६ वटा राष्ट्रियस्तरका संघ/संगठनहरु र ८० भन्दा बढी प्रतिष्ठान स्तरका संघ/संगठनहरु आवद्ध रहेकाछन । यस क्षेत्रमा विभिन्न प्रकृतिका कार्य गर्ने पाँच लाख भन्दा बढी पेसाकर्मीहरु सदस्य रहेका छन । नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल निजामती कर्मचारी संगठन, सार्वजनिक संस्था कर्मचारी संगठन, बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी सघं नेपाल, स्थानीय तह कर्मचारी संघ नेपाल लगायत सार्वजनिक सेवा प्रवाहमा आवद्ध संस्थामा कार्यरत पेसाकर्मीहरुले राष्ट्र र सरकारका नीति, योजना र कार्यक्रमलाई सकारात्मक परिणाम प्राप्त हुने गरी कार्य सम्पादनमा लागि परेकाका छन् । आम कर्मचारीहरुलाई उत्प्रेरित गरी राष्ट्रिय रुपमा उत्पादकत्व बढाउन आम कर्मचारीले पेश गरेको सुझाव एवं ज्ञापन पत्रको कार्यन्वयनले असल श्रम सम्बन्ध कायम राख्न र उत्पादकत्व बृद्धि गर्न सहयोग पुग्ने ब्यहोराको जानकारी सहित तपशिल अनुसारको सुझाव तथा माग प्रस्तुत गरेका छौं ।

**सुझावहरुः**

१. विगत देखि हाल सम्मका ठूला ठूला भ्रष्टाचारका फाईल तथा अन्य थुप्रै उजुरीहरुका फाईलहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान सहितको किनारा लगाउन भ्याइरहेको छैन त्यसैले अख्तियारलाई थप योग्य जनशक्ती सहित आधुनिक अनुसन्धानका प्रविधी खरीद गर्न वजेटको ब्यवस्था गरियोस ।

२. निजामती अस्पत्तालवाट स्थानिय तहका, प्रदेश तहका, सवै प्रकृतिका शिक्षक, विद्यालय कर्मचारी, सार्वजनिक वैक, संस्थान र करारमा कार्यरत कर्मचारी सहित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलाई निजामती कर्मचारी सरह निजामती अस्पत्तालको सुविधा प्राप्त हुने ब्यवस्था वजेटवाट संवोधन गरियोस । साथै प्रादेशिक अस्पताल र जिल्ला अस्पतालवाट पनि निजामती अस्पताल सरह उल्लेखित राष्ट्रसेवक कर्मचारीले सुबिधा पाउने ब्यवस्था गरियोस ।

३. पेसाकर्मीहरूको विगत ३ वर्षदेखि सेवा सुविधा नबढेको अवस्थामा आ.व. २०८२/०८३ को वजेटमा नेपाल सरकारले तलव तथा सेवा सुविधासम्बन्धी लिलामणि पौडेलको अध्यक्षतामा गठन गरेको उच्चस्तरीय तलव आयोगले सिफारिस गरे बमोजिमको न्युनतम सेवा सुविधा वृद्धि गर्न अनुरोध गर्दछौं । साथै विगतमा प्रशासन तथा अन्य सेवामा गठन गरीएका सुझाव सुधार आयोगले सिफारिस गरेका तलब लगाएतका सुविधाहरु कार्य



Address :- Prasuti Marg, Thapathali, Phone :- 015910798, 015910799
Email :- conepnepal1@gmail.com, Website :- htpps://nepalconep.org.np

प्रकृति अनुसार फरक—फरक विश्लेषण गरी सुविधा कार्यान्वयन गरियोस । साथै राष्ट्रसेवक कर्मचारीको जीवन निर्वाह गर्न आवश्यक न्यूनतम दैनिक २३०० क्यालोरीका लागि पुग्ने गरी खाद्यपदार्थ, कपडा, आवास र अन्य खर्च सहित चार सदस्यीय परिवार तीन उपभोक्तालाई वाच्न पुग्ने गरी वजार मूल्यका आधारमा न्यूनतम तलवको व्यवस्था गरियोस ।

४. सार्वजनिक र नीजि क्षेत्रमा दैनिक उपयोगितामा आउने 'विद्युत, कपडा, जुत्ताचप्पल, स्टेशनरी, औषधी, सिमेण्ट, फलाम, ईलेक्ट्रोनिक्स, रबर आदि उद्योगहरु सरकारी लगानी गरी सरकारी नियन्त्रणवाट संचालनमा ल्याइयोस । यस किसिमका उद्योग सञ्चालन गर्न कर्मचारी संचयकोष, नागरीक लगानी कोष, सामाजिक सुरक्षा कोष, सरकारी र निजी बैंकहरुबाट सरकारी जमानतमा श्रोत सुनिश्चिता गरी उद्योग स्थापना गरी सञ्चालनमा ल्याईयोस ।

५. कर्मचारीलाई १% ब्याजमा घडेरी र आवाश कर्जा साथै सवारी साधन कर्जा पाउने ब्यवस्था गरियोस ।

६. आधारभुत तह र विशिष्ठ तहको तलबमान १ अनुपात ५ कायम हुने गरी तलव ब्यवस्थापन गरीयोस ।

७. हालको श्रेणीगत प्रणालीलाई तहगत प्रणालीमा रुपान्तरण गरियोस ।

८. संघ, प्रदेश र स्थानीय तहमा हाल रहेको दरबन्दिलाई पुर्नसंरचना गरी प्रत्येक तहमा कर्मचारी आउन जान सकिने ब्यवस्था सहित बृति विकासमा एकरुपता हुने गरी कार्यान्वयनमा ल्याईयोस ।

९. दक्षिण एसियाका राष्ट्रसेवकहरुको सेवा शर्त र सुबिधाका अनुपातमा नेपालका राष्ट्रसेवक कर्मचारीहरुलाई पनि एकरुपता हुने गरी सेवा सुविधा लागु गरियोस ।

१०. सार्वजनिक प्रशासनमा हुने गरेका भ्रष्टाचारजन्य गतिविधिलाई न्यूनीकरण गर्दै सेवा प्रवाह जनमुखी बनाउन पेसागत महासङ्घ नेपाल प्रयासरत छ । यसको लागि राष्ट्रिय समितिले मुख्य एजेण्डा बनाइ प्रशिक्षण, छलफल, अर्न्तक्रिया हुने गरेको छ । प्रदेश स्तरसम्ममा प्रशिक्षण भए तापनि जिल्ला, पालिका र प्रतिष्ठान तहमा कार्यक्रम हुनसकेको छैन । यसका लागि महासङ्घ प्रयासरत छ । **नेपाल सरकारबाट आर्थिक सहयोगको अपेक्षा गर्दछौं ।**

११. राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, विमा कम्पनीहरू र धितोबोर्ड लगायतका सार्वजनिक संस्थाहरूमा कार्यरत कर्मचारीको सेवासँग सम्बन्धित विनियमावलीहरू संसोधनका लागि सम्बन्धित संस्थाबाट पेश गरी लोकसेवा आयोग र अर्थ मन्त्रालयबाट सहमती दिनुपर्ने प्रावधान छ । सबै विनियमावलीहरू लामो समयदेखि अर्थ मन्त्रालयमा अड्कि एको अवस्था छ र केही बैकहरूमा यही विषयलाई लिएर आन्तरिक रुपमा आन्दोलन पनि भइरहेको हुँदा समयमै सहमती प्रदान गरी कार्यान्वयन गर्न अनुरोध गर्दछौं ।

१२. सार्वजनिक क्षेत्रमा क्रियाशिल श्रमिक/ पेसाकर्मीहरूको सामूहिक सौदावाजीको हकलाई सुनिश्चित गरियोस् जसका लागि निजामती, शिक्षक, सार्वजनिक संस्थानहरू, बैंक, वित्तीय क्षेत्र, विश्वविद्यालय तथा स्वास्थ्य क्षेत्रका प्रतिष्ठानहरूमा आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल गर्न वजेटको ब्यवस्था गरियोस ।

१३. सम्मानित सर्वोच्च अदालतको मिति २०८१ फागुन २ गतेको वैकिंङ क्षेत्रमा श्रम ऐन आकर्षण नहुने फैसलाबाट बैंक, बिमा तथा वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीको रोजगारीको सुरक्षामा गम्भीर चुनौती सृजना भएको तथा



Address :- Prasuti Marg, Thapathali, Phone :- 015910798, 015910799
Email :- conepnepal1@gmail.com, Website :- htpps://nepalconep.org.np

कर्मचारी माथि व्यवस्थापनबाट ज्यादती हुन सक्ने हुँदा सो सन्दर्भमा नेपालको संविधान २०७२ को धारा ३४ तथा श्रम ऐन, २०७४ ले दिएको अधिकार प्रत्यायोजन हुने गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र बिमा क्षेत्रका ऐनमा विषयवस्तु समेटी विभागीय कारबाही पुनरावलोकन गर्न सक्ने प्रावधान हुनेगरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र बिमा क्षेत्रका ऐन संसोधन गरी जारी गर्न अनुरोध गर्दछौं ।

१४. सरकारी स्वामित्वमा रहेको बैंक, बिमा तथा वित्तीय संस्थाहरूमा नाफाको ५ प्रतिशत र निजी संस्थाहरूमा नाफाका १० प्रतिशत बोनश वितरण गर्ने विभेदकारी व्यवस्था रहेकोमा सवैमा समान प्रतिशतमा लागु गर्ने वजेटमा संवोधन हुन अनुरोध गर्दछौं ।

१५. सरकारी स्वामित्वमा रहेका नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंक बीच मर्जरको आवश्यक्ता नरहेको । मर्जरनै गर्नुपर्दाको अवस्थामा हाल कायम रहेको सेवा, सुरक्षा र शर्तमा परिवर्तन नहुने गरी सरोकारीत पक्ष र ट्रेड युनियनको सहभागीतामा निर्णय प्रकृया अगाडि बढाईयोस ।

१६. संविधानको प्रस्तावनामा भएको समाजबाद उन्मुख अर्थतन्त्र अवलम्बन गर्ने व्यवस्थालाई मध्येनजर गरी बैंकिङ्ग क्षेत्रको व्यवसायमा संस्थापकहरुको न्युन पूँजी लगानीमा सञ्चालित हुने र अधिंकास पोर्टफोलियो (अंश भाग) सर्वसाधरण जनताको निक्षेपमा आधारित भएर व्यवसाय गर्ने भएकाले निजी बैंकहरुलाई क्रमस सरकारीकरण गरियोस । तत्कालका लागि निक्षेप सुरक्षण बिमाको रकम न्युनतम २० लाख कायम गरियोस ।

१७. बैंकहरुले आर्जित गरेको नाफाबाट बोनश ऐन बमोजिम वोनस बाँडिसकेपछि बचेको रकम मध्येबाट कल्याणकारी कोषमा छुट्टाउने रकम साबिकमा रहेको ७० प्रतिसत नै कायम गरियोस ।

१८. समयक्रममा कर्मचारी वचतलाई प्रेरीत गर्नु पर्ने हुन्छ । आयकर ऐन २०५८ अनुसार स्वीकृत अवकाश कोषमा कर छुटको सिमा ५ लाखवाट बढाई १० लाख कायम गरियोस ।

१९. चालु आ.व.को बजेट ल्याउँदा (गत वर्ष) आर्थिक ऐन मार्फत सरकारी स्वामित्व रहेका संस्थाका कर्मचारीहरु अवकाश हुँदा पाउने उपदान रकममा एकै पटक ३००% कर वृद्धि गरी ५% बाट १५% लाग्ने व्यवस्थाले अवकाशमा जाने संस्थाका कर्मचारीहरु ठूलो मारमा परेको हुँदा अवकाश कर सम्बन्धी दोहोरो र विभेदपूर्ण प्रावधान हटाई नेपाल सरकारका कर्मचारी सरह समान ५% मात्र कर लिने व्यवस्था मिलाउनु पर्ने भएको ।

२०. नेपाल सरकार र नेपाल शिक्षक महासंघ वीच मिति २०८१ ।०१ ।१६ मा भएको सम्झौता अनुसार वजेटमा संवोधन गरीयोस । विद्यालयका कर्मचारी वाल शिक्षकहरुको महङ्गी भत्ता रु २,०००।— कायम गरीयोस । वाल शिक्षक र विद्यालयका कर्मचारीहरुको तलव निजामती / शिक्षक कर्मचारी सरह कायम गरियोस ।

२१. साविक उच्च माध्यमिक विद्यालयको कक्षा ११ र १२ को अनुदान कोटालाई वजेट मार्फत दरवन्दीमा रुपान्तरण गरियोस ।

२२. अर्थ मन्त्रालयमा पेश भएको जनकशिक्षा सामाग्री केन्द्रलाई अर्थ मन्त्रालयबाट उपलब्ध १ अर्व ३९ करोड ऋण अर्थ मन्त्रालयले आफ्नो शेयरमा रुपान्तरण गरियोस ।



Address :- Prasuti Marg, Thapathali, Phone :- 015910798, 015910799
Email :- conepnepal1@gmail.com, Website :- htpps://nepalconep.org.np

२३. गत विगत देखि अर्थ मन्त्रालयमा पेश भई निर्णय हुन बाकि रहेको राष्ट्रिय परिक्षा बोर्ड कर्मचारीको भत्ता, नेपाल टेलिकमको आ.व. २०७९/०८० को वोनस, सहकारी मन्त्रालयबाट सिफारिश भई पेश भएको साझा प्रकाशनको वजेट निकासा र विद्युत प्राधिकरण कर्मचारीको साविक जीवन वीमा र घरभाडा सम्वन्धि फाईल अर्थ मन्त्रालय यथाशिघ्र किनारा लगाईयोस ।

२४. कर्मचारी संचयकोष कर छुट प्राप्त सस्था भएकाले, सरकारबाट कर भुक्तान गर्ने निर्देशनमा पुर्न विचार गरियोस ।

२५. कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता संस्था नियमन गर्न छुट्टै नियमनकारी निकायको स्थापना गरियोस ।

२६. साझा प्रकाशनका कर्मचारीहरुले विगत लामो समय देखि तलव प्राप्त गर्न सकिरहेका छैनन । साझा प्रकाशनको दायित्व ब्यवस्थापनको लागि संचालकको माग वमोजिम रकम दिने ब्यवस्था गरियोस ।

२७. कोभिडको अवधीमा भएको दुग्ध विकास संस्थानको घाटा रकम वरावर अनुदानको ब्यवस्था गरीयोस साथै जनशक्ती ब्यवस्थापनका लागि वजेट सहितको VRS को कार्यक्रम ल्याईयोस ।

२८. सार्वजनिक सस्थानहरुलाई प्रतिस्पर्धी हुन अप्ठयारो पार्ने सार्वजनिक खरिद ऐन संसोधन गरियोस । एकै प्रकृतिका संस्थानहरुलाई स्तरोन्नती तथा आवश्यकता अनुसार मर्ज गरियोस । प्रत्येक संस्थानको कर्मचारी बिनियमावलीमा एकरुपता कायम गरियोस । लामो समय देखि तलब खान नपाएका संस्थानहरुको कम्तिमा पनि न्युनतम तलब उपभोग गर्न पाउने ब्यवस्था गरियोस ।

२९. स्थानिय तहमा कार्यरत कर्मचारीको अवकास कोषको सम्पूर्ण दायित्व नेपाल सरकारको हुने ब्यवस्था गरियोस र सो का लागि प्रदेशस्तरीय निभृतिभरण कोषको थापना गरियोस ।

३०. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अस्थायी, ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरुको सेवा गणना गरी सेवाबाट निबृत्त भएपछि सम्पूर्ण सेवा सुविधा नेपाल सरकारबाट उपलव्ध गराउने वजेटमा उल्लेख गरियोस ।

३१. ऋणमा खानेपानी आयोजनाहरु निर्माण गर्ने तर सञ्चालनको कार्य खानेपानी बोर्डलाई दिने जस्ता निजीकरणका कार्यले खानेपानी संस्थान घाटामा गएको हुँदा खानेपानी ऐन, २०६४ संशोधन गरी खानेपानी योजनाको सम्पूर्ण कार्यसञ्चालन खानेपानी संस्थानवाट गर्नुपर्ने योजना वजेट ब्यवस्था गरियोस ।

३२. नेपाल औषधी लिमिटेड घाटामा रहेकाले कर्मचारीको तलव भत्ता लगायतको संचालन पूँजि नेपाल सरकारले उपलव्ध गराउनु पर्ने । अनिवार्य अवकाशमा गएका कर्मचारीको सेवा सुविधा हालसम्म भुक्तानी नभएको हुँदा नेपाल सरकारबाट तत्काल उपलव्ध हुनुपर्ने । संस्थाको प्रोत्साहन र विकासको निम्ति नेपाल औषधी लिमिटेडले उत्पादन गरेको औषधीहरु जिटूजी मार्फत एम.आर.पि. मूल्यमा नेपाल सरकारले अनिवार्य रुपमा खरिद गरी जनतालाई निःशुल्क रुपमा वितरण गर्नुपर्ने ब्यवस्था वजेटमा गरियोस ।

३३. कतिपय सहकारी संस्था लिमिटेडहरुले कार्यरत कर्मचारीलाई कम पारीश्रमिकमा धेरै काम लगाईने गरीएको छ । अव उप्रान्त कुनै पनि सहकारी संस्थाले आफ्ना कर्मचारीलाई नियुक्तीको दर्जा अनुसार नेपाल सरकारले



Address :- Prasuti Marg, Thapathali, Phone :- 015910798, 015910799
Email :- conepnepal1@gmail.com, Website :- htpps://nepalconep.org.np

निर्धारण गरेको न्युनतम तलवमान भन्दा घटी नहुने गरी पारीश्रमिक भुक्तानी गर्नु पर्ने र सबै कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य जोडनु पर्ने भनी वजेटवाट संवोधन गरिनु पर्ने ।

३४. एअरपोर्ट भित्र सञ्चालनमा रहेका रेष्टुरेन्टहरु लामो समयदेखि प्रतिष्पर्धा बिना अदालतको आदेशबाट धेरै पुरानो भाडा दरमा सञ्चालन भैरहेको हुँदा नन् एरोनोटिक ईनकम बढेको छैन् । सरकारले विशेष निर्णय लिई सवै रेष्टुरेन्टहरुलाई तत्कालै खुल्ला प्रतिष्पर्धा गराई आम्दानी बृद्धि गर्ने योजना वजेटमा उल्लेख गरियोस ।

३५. कष्ट बेनिफिट एनालाईस् बिना राजनीतिक पहुँच र दवावमा एअरपोर्ट निर्माण हुने गरेको तर अप्रेशन (संचालन) हुन नसकेको कारण कतिपय एअरपोर्ट निर्माणमा लगानी मात्र डुवेको कारण निष्पक्षरुपमा सम्पूर्ण सम्भाव्यता अध्ययन गरेर मात्र नया एअरपोर्टहरु निर्माण गर्ने ब्यवस्था वजेटमा उल्लेख गरियोस ।

३६ नेपाल भित्रिने हवाई रुटहरु आवश्यकता अनुसार नभएको हुँदा गौतमबुद्ध भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा बाधा पुगेकोले छिमेकी मुलुकसँग समन्वय गरी पर्याप्त हवाईमार्गको व्यवस्था गर्ने वजेटमा उल्लेख गरीयोस । एअरपोर्ट ग्राउण्ड ह्यानडेलिङ ब्यवस्था कुनै पनि विदेशी कम्पनी मार्फत होईन नेपाल सरकार आफ्नै नियन्त्रणवाट संचालन भईरहनु पर्छ ।

३७. राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था NGO/INGO को ब्यापक अनियमिततालाई नियमन गर्न नेपालको कानून अनुसार छानविन तथा अनुसन्धान गर्ने कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट हुने गरी वजेट वक्तब्यमा उल्लेख गरियोस ।

३८. स्वदेशमा नै बिद्युत खपत बढाउनका लागि Seasonal Terrif बनाउनु पर्ने, Electric सवारी साधन र Induction चुल्होको प्रोत्साहन गर्ने नीति सहित वजेटको ब्यवस्था गरियोस ।

३९. संस्थागत शुसासन कायम गर्न तथा भ्रष्टाचार निवारण गर्न सम्पुर्ण सरकारी तथा सार्वजनिक क्षेत्रमा डिजिटल भुक्तानी प्रणाली लागु गरियोस ।

४०. आगामी ६ महिना भित्र सरकारी सम्पूर्ण पुराना गाडी र फर्निचरहरु लिलाम गर्नु पर्ने, लिलाम गर्न नसक्ने कार्यालय प्रमुखलाई कार्य सम्पादन मूल्यांकन नम्वरमा २५% घटाईने व्यबस्था वजेटमा संवोधन गरियोस ।

४१. उच्च पदस्थ र अन्य कर्मचारीलाईलाई सवारी सुबिधा सम्बन्धी नीति निर्माण गरी तोकिएको मापदण्डको आधारमा नँया सवारी साधन दिने, मर्मत खर्च र सवारी चालक नदिने, तोकिएको इन्धन मात्र दिने र समयअवधिको ह्रास कट्टी पछि कर्मचारी स्वंयमको हुनेगरी सवारी साधन नामसारी गरिदिने र त्यसको न्युनतम मूल्य सरकारलाई वुझाउनु पर्ने नीति सहित वजेटको ब्यवस्था गरियोस ।

४२. दैनिक उपभोग्य सामान दुध, दहि, तरकारी, फलफुल, चामल, दाल, मासुको मूल्य किसानको घर खेतमा न्युनतम र शहरको खुद्रा विक्रीको अधिकतम मुल्य दर सरकारवाट अनिवार्य तोकिनु पर्ने र सो मा फरक पाईएमा तत्काल इल तजभ धबथ कार्वाही हुने ब्यवस्था आगामी वजेटमा गरियोस ।

४३. सवै राष्ट्रसेवकले लगाउने कपडा नेपालमा उत्पादित कपडा मात्र हुनु पर्ने अनिवार्य ब्यवस्था वजेटवाट संवोधन गरियोस ।



Address :- Prasuti Marg, Thapathali, Phone :- 015910798, 015910799
Email :- conepnepal1@gmail.com, Website :- htpps://nepalconep.org.np

४४. राष्ट्रसेवक कर्मचारीको तलव वृद्धिको ७५% रकम सेवानिवृत्त राष्ट्रसेवकहरुको निवृतीभरणमा थप हुने व्यवस्था गरीयोस साथै निवृतीभरण पाईरहेको व्यक्ति वा निवृत्तिभरण पाउन थालेको जतिसुकै अवधी व्यतित पश्चात मृत्यु भए पनि विदुर पति वा पत्नीले मृत्यु भए पछाडीको ७ वर्ष सम्म पुरा निवृतीभरण पाउने व्यवस्था गरियोस ।

४५. सेवानिवृत्त राष्ट्रसेवकहरुको पूर्ण स्वास्थ्य वीमा लागु हुनुपर्ने साथै पुर्व राष्ट्रसेवकहरुको ज्ञान, सिप, कला र क्षमता सम्वन्धी विशेषज्ञतालाई राष्ट्रसेवामा अधिकतम उपयोग गर्न, विदेश पलायनलाई न्युनिकरण गर्न र सेवानृवित्तको बाकि जीवन सकृय वनाई सामाजिक सेवामा उत्पेरित गर्न ७७ वटै जिल्लामा सेवानिवृत्त राष्ट्रसेवक क्लब स्थापना गरी अध्ययन अनुसन्धानको कार्य गर्न वजेट ब्यवस्था गरियोस ।

४६. स्वास्थ्य विशेष गरि वीर अस्पतालको वजेट कटाईएको छ । देसको सबै भन्दा ठुलो र गरिबले सेवा प्राप्त गर्ने अस्पताल जहाँ सबै जसो बिरामीलाई निशुल्क उपचार गर्नुपर्ने हुन्छ तर अहिले कर्मचारीहरुलाई सेवा, सुबिधा, तलब, समयमा खुवाउन सकिरहेको अबस्था छैन । अति बिशस्टिकृत सेवा प्रबाह गर्ने अस्पताललाई सोही अनुरुप बिकास गर्न आवश्यक वजेट विनियोजनको ब्यवस्था गरियोस ।

४७. नर्सहरु विदेश पलायन हुने क्रम बढेको अवस्था छ । यहि स्थिति रहे भविश्यमा विदेशी नर्सहरु ल्याउनु पर्ने अवस्था आउन सक्छ । अतः नर्सलाई प्ररित गर्न सेवा सुविधामा पुर्नमुल्याङ्कन गरी एउटै तहका अन्य कर्मचारी सरह ग्रेड थप गर्नुपर्ने, जोखिम भत्ता ५०% गर्नुपर्ने, रात्रिकालिन सेवा, सार्वजनिक विदाको दिन तथा चाडपर्वको दिन डिउटी गरे बापत कम्तिमा १ दिनको तलब बराबर भत्ता दिने ब्यवस्था गरियोस ।

केदारप्रसाद देवकोटा
महासचिव

पुण्यप्रसाद ढकाल
अध्यक्ष

**बोधार्थ तथा कार्यार्थ,**

श्रीमान मुख्यसचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार ।

श्रीमान् सचिवज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्रीमान् सचिवज्यू, अर्थ मन्त्रालय, सिंहदरबार ।

श्रीमान् सचिवज्यू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार ।

**बोधार्थ**

श्री अध्यक्षज्यू,

सबै राष्ट्रियस्तरका घटक संघ/सगंठन /प्रतिष्ठानहरू ।



Address :- Prasuti Marg, Thapathali, Phone :- 015910798, 015910799
Email :- conepnepal1@gmail.com, Website :- htpps://nepalconep.org.np